# सेन्दाई बहुसांस्कृतिक समाज बुलेटिन

## कर




जापानमा, बिभिन्न प्रकारक करहरू छन। यस अंकमा, हामीले मुख्यत करको प्रकार र, भुक्तानी गर्दा ध्यान दिनुपर्ने कुराहरू संक्षेपमा गरेका छौं। तपाईले तिर्नु भएको करको बारे बुझीराखौं।

जापानमा काम गर्नुहुने व्यक्ति, बसोबास गर्नुहुने व्यक्ति, किनमेल गर्नुहुने व्यक्तिहरुले, देश, प्रान्त वा सिटिलाई 「कर」 तिर्नेगर्छौं। संकलित गरिएको कर जापानमा बस्नुहुने सबैको जीवनयापनमा प्रयोग गरिनेछ।

### करको प्रकार र जानकारी

< आयकर >

देशलाई तिर्नुपर्ने कर

- काम गरेर प्राप्त भएको तलब वा अरु कुनैपनि कामबाट नगद आउने व्यक्ति, आफ्नै ब्यबसाय आदि गरि आम्दानी गरेका व्यक्तिहरुले कर तिर्ने गर्छौं।
- कति तिर्नुपर्ने हो त्यो चाँही जनवरी 1 तारिक बाट डिसेम्बर 31 तारिक सम्मको एकबर्षको तलब आदिमा निर्भर गर्दछ ।
- प्रत्येक महिना कम्पनिको तलबबाट भुक्तानी गरिने कर (बार्षिक आयकर कट्टी) वा कर कार्यालयमा कर फिर्ताको लागि निवेदन गर्नुहोस।
- तलब बाहेक अन्य आम्दानी 2 लाख भन्दा कटेको व्यक्तिहरूले पनि निवेदन दिन आवश्यक पर्दछ।

【आयकर सँग सम्वन्धित शब्दहरू】

| | |
|---|---|
| बार्षिक आयकर कट्टी (गेनसेन च्योस्यु) | तलब बाट कर कटौती गरि भुक्तानी गरिने। |
| वर्षको अन्त्यमा गरिने समायोजन (नेनमाचुच्योसे) | जनवरी बाट नोभेम्बर सम्ममा तिरेको कर ज्यादै धेरै, ज्यादै थोरै भएको छ छैन भनि डिसेम्बरमा गणना गरिन्छ। यदि तपाईंले धेरै तिर्नु भएको छभने, यसलाई डिसेम्बरको तलबमा थपी फिर्ता गरिनेछ। |
| कर फिर्ताको लागि निवेदन (काकुतेसिन्कोकु) | बार्षिक आयकर कट्टी वा वर्षको अन्त्यमा गरिने समायोजन गरिएन भने, जनवरी बाट डिसेम्बर सम्मको करको लागि निवेदन अर्को वर्षको फेब्रुअरी बाट मार्च भित्रमा गर्नुपर्छ। बढी तिरेको कर फिर्ता गरिनेछ। यदि यो पर्याप्त छैन भने, थप तिर्नुपर्ने हुन्छ। |

< बसोबास कर (जिउमिनजेई) >

प्रान्त वा सिटि आदिलाई तिर्नुपर्ने कर रकम

- जनवरी 1 तारिकमा जापानमा ठेगाना भएको र अघिल्लो वर्षको तलब आदिको आम्दानी भएको व्यक्तिहरुले भुक्तानी गर्नुपर्ने हुन्छ।
- कति तिर्नुपर्ने हो त्यो चाँही अघिल्लो वर्षको जनवरी 1 तारिक बाट डिसेम्बर 31 तारिक सम्मको एकबर्षको तलब (आय) आदिमा निर्भर गर्दछ ।
- प्रत्येक महिना तलबबाट कर कटौती गरि कम्पनीले तिर्ने कि, घरमा आएको पत्र (भुक्तानी स्लिप) मार्फत कम्बिनियन स्टोर, बैंक वा हुलाक कार्यालयहरू बाट भुक्तानी गर्नुपर्ने हुन्छ।

< उपभोग कर (सियोहिजेइ) >

सामान खरिद गर्दा वा सेवा प्राप्त गर्दा भुक्तानी गर्नुपर्ने कर रकम

- सामानको शुल्क सँगै 8% वा 10% कर भुक्तानी गर्नुपर्ने हुन्छ।

बाकीं अर्को पेजमा क्रमस →

**6** वटा भाषाको जनसम्पर्क पत्रिका

नेपाली भाषा बाहेक अन्य, जापानिज／にほんご, अंग्रेजी／English, चिनियाँ／中文, कोरियन／한국어, भियतनामी／Tiếng Việt हरु छन। तपाइले यसलाई होमपेजबाट हेर्न सक्नुहुन्छ । साथै सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रबाट पनि वितरित गरिदै आएकोछ ।

< सवारीसाधन कर (जिदोसियाजेइ) >

सवारीसाधन खरीद गर्ने व्यक्ति वा सवारीसाधन भएकाहरुले भुक्तानी गर्नुपर्ने कर



- तपाईंले सवारीसाधन खरिद गर्दा सवारीसाधनको शुल्क सँगै पसलमा भुक्तानी गर्नुपर्ने हुन्छ।
- सवारीसाधन भएका व्यक्तिहरुलाई, प्रत्येक वर्षको अप्रिल बाट मे महिना भित्रमा भुक्तानी गर्नुपर्ने कागपत्र पठाइनेछ। कम्बिनियन स्टोर, बैंक वा हुलाक कार्यालयहरू बाट भुक्तानी गर्नुपर्ने हुन्छ।
- सवारीसाधनको प्रकारमा भुक्तानी गर्नुपर्ने रकम फरक पर्दछ।

< हलुका सवारीसाधन कर (जिदोसिया जियुरियु जेइ) >

वाहन निरीक्षण को समयमा भुक्तानी गर्नुपर्ने कर रकम

- सवारीसाधन सुरक्षित रूपमा चलाउन मिल्छ कि मिल्दैन भनि जाँच गर्नुपर्ने (वाहन निरीक्षण) समयमा प्रायः भुक्तानी गर्नुपर्ने हुन्छ।
- सवारीसाधनको तौलले  रकम निर्धारण गरिन्छ।

< अचल सम्पत्ति कर (कोतेइसिसान जेइ) >

जग्गाजमिन, भवन (घर, अपार्टमेन्ट, मेनसन, पसल, इत्यादि) र कामको लागि प्रयोग हुने वस्तुहरू भएकाहरूले भुक्तानी गरेको कर रकम।

- प्रत्येक वर्षको जनवरी 1 तारिकमा जग्गाजमिन, भवन वा कामको लागि प्रयोग गरिने साधनहरु भएका व्यक्तिहरुले कर भुक्तानी गर्नेछ।
- यदि तपाईंसँग कामको लागि प्रयोग गरिने साधनहरु केही छ भने जनवरी 31 सम्ममा तपाईं बसोबास गर्नुहुने ठाउँको वडा कार्यालयमा जानकारी दिनुहोस।
- घरमा आएको राषिद (भुक्तानी राषिद कार्ड) ले कुनैपनि कम्बिनियन स्टोर, बैंक वा हुलाक कार्यालयबाट भुक्तानी गर्न सकिनेछ।

## ध्यान पुर्याउनुपर्ने कुरा

- बसोबास कर चांही, जनवरी 1 तारिक मा बसोबास गरेको गाउँ वा नगरपालिका बाट, अघिल्लो वर्षको तलब आदिको आय अनुसार कर भुक्तानी गर्नुपर्छ । बर्षको मध्यतिर सरुवाभै अन्तजाने वा कारणबश देश फर्किनुपर्ने भएमा पनि कर भुक्तानी नगरीहुन्न । देश पर्किनु भन्दा पहिलेनै बाँकि रहेको बसोबास कर भुक्तानी गर्ने वा त्यसो गर्न सक्नुहुन्न भने, कर भुक्तानी गरिदिने व्यक्ति (आफ्नो प्रतिनिधित्व गर्ने व्यक्ति जसले तपाईको तर्फबाट कर भुक्तानीको प्रक्रिया गर्न सक्छ) खोज्नुहोस।
- यदि तपाईले म्याद भित्रमा कर भुक्तानी नगर्ने वा पैसा नभएको कारणले भुक्तानी राषिद कार्डको बेवास्था गर्नुभयो । रिमाइन्डर चिठी प्राप्त गर्नुभयो वा निवास कार्ड (जाइरियो कार्ड) नवीकरण गर्नुभएको छैन भने, पछि समस्या हुनेछ। वडा कार्यालय वा कर कार्यालयमा भुक्तानी सम्बन्धी परामर्श गर्न सक्नुहुन्छ। अवश्य कर भुक्तानी गर्नेगरौं ।

## करको बारेमा खोज्नुपरेको खण्डमा

◆ राष्ट्रिय कर एजेन्सी होमपेज
जापानीज　https://www.nta.go.jp/
अंग्रेजी　https://www.nta.go.jp/english/

○ कर संबन्धित उत्तर ※जापानीज
करको बारेमा बारम्बार सोधिने प्रश्नहरू हेर्न सक्नुहुन्छ।
https://www.nta.go.jp/taxes/shiraberu/taxanswer/index2.htm

○ Information for Taxpayers ※अंग्रेजी
https://www.nta.go.jp/english/taxes/

◆ 『सेन्दाई सहज जीवनयापनको लागिको सहयोगी पुस्तिका』(सेन्दाई सिटिबाट प्रकाशित)
उपलब्ध भाषाहरु ： जापानीज, अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली
https://int.sentia-sendai.jp/foreigner/

◆ SenTIA अन्तर्राष्ट्रिय सम्वन्ध बिभाग बिदेशीको होमपेज
https://int.sentia-sendai.jp/j/information/
विदेशी भाषाको जानकारी ＞ दैनिकजीवन ＞ कर, पेन्सन भुक्तानी ＞ वडा कार्यालय बाट प्राप्त गरिने भुक्तानीका लागिका सूचना
उपलब्ध भाषाहरु ： जापानीज, अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली भाषाहरु

## परामर्श गर्नुपरेको बेलामा

यदि तपाईलाई करको बारेमा थाहा नभएमा, वडा कार्यालय वा कर कार्यालय, कर लेखापाल, आदिसँग परामर्श गर्नुहोस।

जापानीज भाषामा परामर्श गर्न गाह्रो हुने व्यक्तिले सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रको दोभाषे सहयोग फोननम्बर (022) 224-1919 को प्रयोग गर्नुहोस। हामी तपाईलाई भाषाको लागि मद्दत गर्नेछौं ।

## जानकारी: कर लेखनदास द्वारा गरिने विशेषज्ञिय परामर्श वैठक को बारेमा

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रमा विशेषज्ञिय परामर्श वैठक गर्ने गरिएको छ । एकबर्ष मा चार पटक आयोजित गर्ने गरिएको छ । तोहोकु कर लेखनदास संघका कर्मचारी आउनु हुनेछ र कर सम्बन्धी थाहा नभएका कुनै पनि प्रश्न वा तपाईहरुलाई परेको समस्याको बिषयमा जवाफ दिईने छन ।

उदहारणको लागि, आफ्नो देश र जापान बीचको करको भिन्नता, कर फिर्ताको लागि आवेदन भर्ने तरिका, जापान बाट फर्किदा गर्नुपर्ने कर भुक्तानी आदिको बारे परामर्श गर्न सक्नुहुन्छ। जापानमा पसल (रेस्टुरेन्ट) खोल्नु भएको व्यक्तिहरु, समान आयात निर्यातको काम गर्नुहुने व्यक्तिहरु आदि, ले कर आवेदन जारी नगरी हुदैन । यदि तपाईहरु यस्तो प्रश्न सोध्न चाहनुहुन्छ भने, कृपया विशेषज्ञिय परामर्श वैठकमा सहभागी हुनुहोला ।

विशेषज्ञिय परामर्श वैठक वर्षमा चार पटक आयोजित गरिने हुनाले, तुरुन्तै परामर्श गर्न चाहानु हुन्छ भने, तोहोकु कर लेखनदास संघको 「विदेशी नागरिकहरूका लागि निःशुल्क कर परामर्श」को उपयोग गर्नुहोस । तपाईले कुनै पनि समयमा परामर्श गर्न सक्नुहुन्छ । होमपेजबाट परामर्श रिसेप्शन फारम डाउनलोड गरि, तपाई लाई सोध्न मनलागेको कुरा लेखि, इमेल अथवा फ्याक्स मार्फत पठाउनुहोस । एक हप्ता भित्रमा, तोहोकु कर लेखनदास संघबाट इमेल वा फोन मार्फत जवाफ दिनेछ । परामर्श लिन अंग्रेजीमा पनि सम्भव छ ।

◆ कर लेखनदास द्वारा गरिने विशेषज्ञिय परामर्श वैठक (सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र)

| | |
|---|---|
| आवेदन | इमेल वा फोन |

बिस्तृत विवरणहरूको लागि, पछाडि पट्टिको पानामा हेर्नुहोस ।

◆ विदेशी नागरिकहरूका लागि निःशुल्क कर परामर्श (तोहोकु कर लेखनदास संघ)

| | |
|---|---|
| आवेदन | ईमेल वा फ्याक्स मार्फत परामर्श रिसेप्शन फारम पठाउनेछौं। |
| इमेल | info@tohokuzeirishikai.or.jp |
| फ्याक्स | (022) 293-6731 |
| फोन | (022) 293-0503 |
| ठेगाना | 〒984-0051 सेन्दाई सिटि वाकाबायाशी-कु शिन्तेरा 1-7-41 |
| URL | https://www.tohokuzeirishikai.or.jp/general/freeconsultation.php |

## परामर्श कर्मी कर्नर 「करको बारेमा जानेका कुरा」

हरेक अंकमा यस कर्नरको बिषय अनुसार, परामर्शकर्मिको अनुभव वा विचारलाई प्रस्तुत गरिन्छ ।

के तपाईलाई जापानको कर प्रणालीको बारेमा थाहा छ ? नेपालमा जस्तै जापानमा पनि बिभिन्न प्रकारको करहरु हुन्छन । बसोबास कर, आम्दानी कर, सवारीसाधन कर, आदि इत्यादी, नेपालमा कर तिर्नुपर्ने नियम त्यतिधैरै कडा हदैन धैरै आम्दानी हुनेले धैरै कर तिर्ने र कम आम्दानी हुनेले कम कर तिर्ने नियम छ । जापानमा चाँही कर प्रणालीनिको अलि कडा नियम छन उदाहरणका लागि, किनमेल गर्दा वा रेस्टुरेन्टमा खाना खाँदा, तपाईंले 8% वा 10% उपभोग कर तिर्नु पर्छ। आयकर चाँही काम गर्ने व्यक्तिहरुको कम्पनीको कर्मचारीको तलबाट स्वतरुपमा कर कटौती गर्ने कम्पनिहरु पनि धैरै हुन्छन । विधार्थीहरुले पार्टटाइम गर्दा पनि तलब बाट काटिएर आउने हुन्छ । जापानमा पनि आफ्नो आम्दानी अनुसार कर तिर्नुपर्ने हुन्छ । तपाईंको तलबबाट स्वास्थ्य बीमा, पेन्सन आदिको करहरू कटौती गर्दछ । यदि गरेको छैनभने, तपाईंले आफ्नो घरमा आएको भुक्तानी राषिदको प्रयोग गरेर आफैले तिर्नु पर्नेहुन्छ । तलबबाट कर कटौती नभएका वा कर बडी भुक्तानी भएको खण्डमा वर्षको अन्त्यमा कर समायोजन गर्नुपर्ने हुन्छ । यसलाई "कर फिर्ता" भनिन्छ । फेब्रुअरी देखि मार्च सम्ममा आफ्नो कर फिर्ताको लागि आवेदन जारी गर्न आवश्यक पर्छ । धैरै भुक्तानी गरिएका करहरू फिर्ता हुने सम्भावना पनि हुन्छ, त्यसैले तपाईंले तलब बुझ्दा प्राप्त गरिने राषिद जतन गरि राख्ने र कर फिर्ता आबेदन गर्दा बुझाउने गर्नुपर्ने हुन्छ । यदि तपाईंले उपचार खर्चको लागि 100,000 येन भन्दा बढी तिर्नु भयो भने, तपाईंले थोरै रकम भनेपनि फिर्ता पाउनुहुनेछ । कर कार्यलयले सबै कुरा बुझेर फिर्ता हुने वा नहुने निर्णय गर्दछ ।

कर नतिरेको खण्डमा भिजा थपने बेलामा समस्यामा पर्नपनि सकिन्छ त्यसैले, तपाईहरुले पनि करको बारेमा राम्रोसँग बुझेर नियमपुर्बक कर तिर्ने गर्नुहोला ।

(परामर्श कर्मी B)

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

## <ruby>仙台多文化共生センター<rt>せんだいたぶんかきょうせい</rt></ruby>

खुल्ने समय　प्रत्येक दिन बिहान ९ बजे देखि बेलुका ५ बजे (वर्षको अन्त्य र नयाँ वर्षको बिदा, महिनाको १～२ दिनको बन्द दिन बाहेक)

ठेगाना　〒980-0856 सेन्दाई सिटि आओबा कु आओबा यामा सेन्दाई इन्टरनेशनल सेन्टर सम्मेलन भवन पहिलो तला




फोन　(022) 265-2471

फ्याक्स　(022) 265-2472

इमेल　tabunka@sentia-sendai.jp

युआरएल　http://int.sentia-sendai.jp/n/exchange/

■ विदेशी भाषामा दिइने परामर्श

दैनिक जिबनमा आइपर्ने समस्या या कठिनाइहरुको बारेमा विदेशी भाषामा परामर्श लिन सक्नुहुनेछ । 「दोभाषे सहयोग टेलीफोन」(022) 224-1919 मा फोन गर्नुहोला ।

उपलब्ध भाषाहरु： अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली, तागालोग, थाई, पोर्चुगली, स्पेनिस, रसियन, इन्डोनेसियन, इटालियन, फ्रेन्च, जर्मनी, मलेसियन, खमेर, बर्मेली, मंगोलियन, सिंहला भाषाहरु

■ त्यस बाहेका सेवाहरु

प्रशिक्षण कक्ष, बालबालिका कक्ष, जानकारी आदानप्रदान बोर्ड, पुस्तक फिर्ता गर्ने गरि लाने सुबिधा पनि दिइरहेका छौं । सामुदायिक गतिविधि या सम्बन्ध आदानप्रदान कार्यक्रमको लागिको जानिकारी तथा ठाँउ पनि उपलब्ध छ ।

## विदेशी नागरिकका लागिको विशेषज्ञिय परामर्श

वकिल या प्रशासनीक लेखनदास लगायतका विशेषज्ञ द्वारा हुने「 विशेषज्ञिय परामर्श बैठक 」नियमित रूपमा संचालित गर्दै आएकाछौँ ।

सेन्दाईमा बसोबासको क्रममा कुनैपनि समस्या परेको खण्डमा, कृपया यहाँ सम्पर्क गर्नुहोला ।

गोपनीयताको पालना गर्नेछौ । एकजना लाई 30 मिनेटको समय हुनेछ ।

खुल्ने समय सबै, दिउँसो 1बजे बाट बेलुका 4बजे सम्म हुनेछ ।

परामर्श बैठकको दिनमा होमपेज बाट पुष्टि गर्न सकिनेछ ।

http://int.sentia-sendai.jp/n/exchange/consultation.html



प्रशासनिक लेखनदास　वकिल　श्रम मन्त्रालय　अध्यागमन बिभाग (इमिग्रेशन)　कर लेखनदास

सम्पादन•प्रकाशन ： सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन (SenTIA)अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र चाँही सेन्दाई सिटिबाट जिम्मेवारी पाएर, (सार्वजनिक हितको) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसनले यसलाइ संचालन गर्ने गर्दछ ।

मार्च 2022 मा प्रकाशित